# स्थानीय राजपत्र

बोगटान फुडसिल गाउँपालिका, डोटीद्धारा प्रकाशित

खण्ड-.१०, बोगटान फुडसिल गाउँपालिका, मिति: २०८३/०१/११ संख्या : १

## भाग-२

## बोगटान फुडसिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
## चवराचौतारा, डोटी

## बोगटान फुडसिल गाउँपालिकाको ट्रयाक्टर संचालन सम्बन्धी कार्यविधि
## २०८३

प्रमाणीकरण मिति : २०८३।०१।११

**पृष्ठभूमि :-** बोगटान फुडसिल गाउँपालिकाले विकास निर्माणका कार्यहरूलाई सहज बनाउने, फोहोरमैला व्यवस्थापनमा सहयोग पुऱ्याउने, प्राकृतिक विपद् तथा अन्य आपतकालीन अवस्थामा आवश्यक सामग्री ढुवानी गर्ने तथा गाउँपालिकाको आन्तरिक आयलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ ट्रयाक्टर खरिद गरेको छ । उक्त ट्रयाक्टरको सञ्चालन, व्यवस्थापन तथा सेवा उपयोगलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक भएकाले यसको सञ्चालन सम्बन्धी स्पष्ट कार्यविधि तय गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । साथै गाउँपालिकाभित्र आकस्मिक रूपमा मृत्यु भएका व्यक्तिहरूको शव (लास) अस्पताल, घर वा अन्त्येष्टि स्थलसम्म ओसारपसार गर्न नागरिकलाई सहयोग पुग्ने उद्देश्यले सो कार्यलाई समेत यस कार्यविधिभित्र समेटिएको छ । यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी "ट्रयाक्टर सञ्चालन कार्यविधि, २०८३" स्वीकृत गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

क) यस कार्यविधिको नाम:- बोगटान फुडसिल गाउँपालिकाको ट्याक्टर संचालन कार्यविधि, २०८३ रहने छ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागू हुनेछ।

**२. ट्याक्टर सञ्चालनका लागि दररेट सम्बन्धी व्यवस्था:-**

बोगटान फुडसिल गाउँपालिकाको स्वामित्वमा रहेको ट्याक्टरलाई गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कार्यहरूमा ढुवानी तथा आकस्मिक रूपमा मृत्यु भएका व्यक्तिहरूको शव (लास) अस्पताल, घर वा अन्त्येष्टि स्थलसम्म ओसारपसार गर्ने प्रयोजनका लागि देहाय बमोजिमको दररेट कायम गरी सञ्चालन गर्न सकिनेछ।

क) निर्माण व्यवसायी/उपभोक्ता समितिका लागि :-

निर्माण व्यवसायी/उपभोक्ता समिति मार्फत सञ्चालन हुने विकास निर्माणसँग सम्बन्धित कार्यमा ढुवानीका लागि देहाय बमोजिमको दररेट कायम गरी ट्याक्टर भाडामा उपलब्ध गराउन सकिनेछ।

प्रति दिन ८ घण्टाको रु. ४,१००/- (अक्षररुपी चार हजार एक सय रुपैयाँ मात्र) का दरले (ईन्धन बाहेक) ।

ख) निजी व्यक्तिका लागि (लास ब्यवस्थापनका लागी मात्र) :-

गरिब घरपरिवार रहेको भनि सम्बन्धित वडा कार्यालयले सिफारिस सहित निवेदन पेश गरेमा निशुल्क उपलब्ध गराउने।

ग) कृषक तथा लघु उद्यमीका उत्पादन ढुवानी :-

गाउँपालिकाभित्रका कृषक तथा लघु उद्यमीहरूले उत्पादन गरेका वस्तु तथा सामाग्री गाउँपालिकाको संकलन केन्द्र सम्म ढुवानी गर्दा प्रति दिन ८ घण्टाको ४,१००/- (अक्षररुपी चार हजार एक सय रुपैयाँ मात्र) का दरले (ईन्धन बाहेक)

घ) सडक मर्मत तथा विपद् व्यवस्थापन :-

गाउँपालिका भित्रका विभिन्न सडकहरूमा वर्षायामको समयमा बनेका खाल्डाखुल्डीहरूको फिलिङ तथा व्यवस्थापन कार्य र विपद् तथा आपतकालीन अवस्थामा आवश्यक परेमा गाउँपालिकाको सम्बन्धित बजेट शीर्षकबाट खर्च व्यवस्थापन हुने गरी ट्याक्टर प्रयोग गर्न सकिनेछ।

**३. ट्याक्टर भाडामा दिन सकिने सम्बन्धी प्रक्रिया**

क) बोगटान फुडसिल गाउँपालिकामा रहेको ट्याक्टर भाडामा लिन चाहने कुनै पनि व्यक्ति तथा संस्थाले देहाय बमोजिमको प्रक्रिया पूरा गरी ट्याक्टर भाडामा लैजान सक्नेछ।

- सम्बन्धित व्यक्ति तथा संस्थाले बोगटान फुडसिल गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।



पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकाको राजश्व शाखामा तोकिएको भाडादर अनुसारको शुल्क बुझाई सोको रसिद पेश गर्नुपर्नेछ।

**४. ट्याक्टर संचालन कोषको व्यवस्थापन**

क) भाडामा ट्याक्टर संचालन वापत प्राप्त भएको आम्दानी रकमलाई गाउँपालिकाको आन्तरीक आम्दानी कोषमा दाखिला गरि उक्त आम्दानी रकमको छुट्टै लेखा राख्नुपर्नेछ।

**५. ट्याक्टरको मर्मत संभार**

क) बोगटान फुडसिल गाउँपालिकाको स्वामित्वमा रहेको ट्याक्टर कुनै व्यक्ति वा संस्थालाई भाडामा उपलब्ध गराइएको अवस्थामा प्रयोगका क्रममा बिग्रिएमा वा मर्मत/सम्भार आवश्यक परेमा सोको मर्मत तथा सम्भार गर्ने दायित्व सम्बन्धित अवस्थामा गाउँपालिका मै रहनेछ।

ख) ट्याक्टरको मर्मत तथा सम्भार सम्बन्धी सम्पूर्ण खर्च बोगटान फुडसिल गाउँपालिकाको "सवारी साधन मर्मत तथा सम्भार" शीर्षक अन्तर्गत विनियोजित बजेटबाट बेहोर्ने व्यवस्था गरिनेछ।

ग) लास बोक्ने प्रयोजनका लागि सवारी साधन प्रयोग गरिएको अवस्थामा सो प्रयोग पश्चात् सवारी साधनको सरसफाइ तथा आवश्यक स्वच्छता कायम गर्ने सम्पूर्ण जिम्मेवारी स्वयम् प्रयोगकर्ताको रहनेछ।

**६. ट्याक्टर संचालन समिति**

क) ट्याक्टर संचालन व्यवस्थापन र सोको अनुगमन गर्न देहायका पदाधिकारीहरु रहेको ट्याक्टर संचालन व्यवस्थापन तथा अनुगमन समिति रहनेछ:-

१. अध्यक्षः- गाउँपालिका अध्यक्ष
२. सदस्यः- अध्यक्षले मनोनित गरेको एक जना कार्यपालिकाको महिला सदस्य
३. सदस्यः- अध्यक्षले मनोनित गरेको वडा अध्यक्षहरु मध्येवाट एक जना
४. सदस्यः- प्रमुख प्रशासकीय अधिकृत
५. सदस्य सचिवः- प्राविधिक शाखा प्रमुख

ख) ट्याक्टर संचालन समिति ले आफ्नो कार्यसंचालन कार्यविधि आफै तय गर्न सक्नेछ।

**७. भाडादर संशोधन सम्बन्धी व्यवस्था**

क) बोगटान फुडसिल गाउँपालिकाको ट्याक्टर भाडादरमा संशोधन गर्नुपर्ने अवस्था आएमा ट्याक्टर सञ्चालन समितिले आवश्यक अध्ययन गरी संशोधित भाडादर निर्धारण गर्नेछ। उक्त संशोधित भाडादर गाउँ कार्यपालिकाको बैठकमा पेश गरिनेछ। गाउँ कार्यपालिकाबाट स्वीकृत भएपश्चात् मात्र सो संशोधित भाडादर कार्यान्वयनमा ल्याउन सकिनेछ।

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

**८. ट्याक्टर चालक नियुक्ति सम्बन्धी व्यवस्था**

क) देहायको योग्यता पुगेको व्यक्तिलाई ट्याक्टर चालकको रुपमा सेवा करारमा प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्त गरिनेछ।

१. रितपुर्वक ट्याक्टर चालक अनुमति पत्र लिएको

२. ट्याक्टर चालकको रुपमा न्युनतम ३ वर्षको अनुभव भएको

३. कम्तिमा २० वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको

४. साधारण लेखपढ गर्न जानेको

**९. ट्याक्टर चालकको मासिक तलब भत्ता सम्बन्धी व्यवस्था**

क) ट्याक्टर चालकको मासिक तलव ट्याक्टर संचालन समितिले निर्धारण गरेवमोजिम हुनेछ।

ख) ट्याक्टर चालकले उपनियम (क) बमोजिम पाउने तलव बाहेक काममा खटिएको प्रति दिन रु. ५००। का दरले थप भत्ता उपलब्ध गराईनेछ।

**१०. अवकाश दिन सकिने:**

क) आफ्नो पदको जिम्मेवारी पूरा नगरेको अवस्थामा ट्याक्टर चालकलाई प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै वखत पदबाट हटाउन सकिनेछ।

**११. ट्याक्टर चालकको आचार संहिता**

क) ट्याक्टर संचालन कार्यविधि २०८३ को पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ।

ख) आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न पाईने छैन।

ग) मादक पदार्थ सेवन गरि ट्याक्टर चलाउन पाईने छैन।

घ) प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

**१२. विविध:**

क) ट्याक्टर संचालनको प्रक्रियामा कुनै बाधा, द्विविधा उत्पन्न भएमा सोको सहजिकरणक ट्याक्टर संचालन समितिले गर्नेछ।

आज्ञाले

पदमराज अवस्थी

प्रमुख प्रशासकिय अधिकृत

पदमराज अवस्थी

प्रमुख प्रशासकीय अधिकृत